# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

## २०८० साल कार्त्तिक देखि पुससम्म (दोस्रो त्रैमासिक) भएका/गरिएका सम्पादित प्रमुख कार्यहरू

(स्वतः प्रकाशन)

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश, विराटनगर
२०८०

## १. मन्त्रालयको स्वरुप र प्रकृति

नेपालको संविधान, २०७२ बमोजिम देशलाई सङ्घीय ढाँचामा पुनर्संरचना गर्ने उद्देश्यका साथ वर्तमान संविधानको भाग १३ मा प्रदेश कार्यपालिका सम्बन्धी व्यवस्था भए अनुरूप संविधानको धारा १६८ अनुसार मिति २०७४/११/३ गते कोशी प्रदेशको मन्त्रिपरिषदको गठन भएको हो । प्रादेशिक संरचनाको स्थापना कालमा गठन भएको ७ वटा मन्त्रालय मध्ये सामाजिक विकास मन्त्रालय विभाजन भई मिति २०७८/१०/२३ गतेका दिन **स्वास्थ्य मन्त्रालयको** गठन भएको हो । स्वास्थ्य सम्बन्धी प्रादेशिक नीति निर्माण गर्ने, योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्ने, कार्यक्रमहरूको नियमन र व्यवस्थापन गरी प्रदेशलाई समृद्ध बनाउने उद्देश्यले यस मन्त्रालय स्थापना भएको हो।

## २. मन्त्रालयको काम कर्तव्य तथा अधिकार

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

१. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२. प्रदेशमा स्वास्थ्य सेवामा आवद्ध जनशक्तिको विकास र व्यवस्थापन सम्बन्धी कार्ययोजनाको निर्माण, कार्यान्वयन र अनुगमन,

३. प्रदेशभर स्वास्थ्य सेवामा प्रभावकारिता ल्याउन स्वास्थ्य जनशक्तिको अभिलेख व्यवस्थापन सहित समुचित वितरण र परिचालन,

४. स्वास्थ्य सम्बन्धी विपद् तथा महामारी पूर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण र कार्यान्वयन,

५. प्रदेशमा स्वास्थ्य प्रयोगशालाको मापदण्ड तथा गुणस्तर निर्धारण र अनुगमन,

६. ग्रामीण क्षेत्रमा स्वास्थ्य घुम्ती शिविर सम्बन्धी कार्ययोजना निर्माण र सोको कार्यान्वयन तथा अनुगमन,

७. स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धिका लागि संघ र स्थानीय तहसँग समन्वय र सहकार्य,

८. स्वास्थ्यकर्मीको आचार संहिता निर्माण, कार्यान्वयन तथा अनुगमन,

९. प्रदेशमा स्वास्थ्यको भौतिक संरचना, स्वास्थ्य उपकरण, एम्बुलेन्स, शवबाहन र सम्पत्तिको प्रादेशिक अभिलेखको निर्माण र सोको समुचित व्यवस्थापन,

१०. नागरिकलाई अत्याधुनिक तबरले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गर्ने विषय,

११. प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, प्रसामक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,

१२. स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत संघ संस्थाको अभिलेख व्यवस्थापन र नियमन,

१३. प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,

१४. राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र नियमन,

१५. राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन,

१६. राष्ट्रिय मापदण्ड बमोजिम संघ र स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य बीमाको कार्यान्वयन र पहुँच विस्तार एवं सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

१७. औषधी निगरानी (फर्मा कोभिजिलेन्स), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (एन्टि माइक्रोवायल रेसिस्टेन्स) न्यूनीकरण,

१८. खोपको आपूर्ति र व्यवस्थापन,

१९. संवेदनशील औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,

२०. प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह प्रणालीको व्यवस्थापन,

२१. जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,

२२. सूर्तिजन्य वस्तुको नियन्त्रणका लागि समन्वय तथा नियमन,

२३. स्वास्थ्य सम्बन्धी आपतकालीन अवस्था, महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधिजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,

२४. सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

२५. राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

२६. स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,

२७. प्रदेशस्तरको सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

२८. स्वास्थ्य सरसफाई तथा स्वच्छता अभियानमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२९. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

३०. जनसंख्या, बसाईंसराईं र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन एवम् सो सम्बन्धमा संघ तथा स्थानीय तहसँग समन्वय।

## ३. मन्त्रालयबाट सम्पादित कामहरूको विवरण

### अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा

- स्वास्थ्य मन्त्रालयका मातहतका अस्पतालबाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरुको कार्यान्वयन मार्गदर्शन तयार गरिएको तथा मिति २०८०/०९/१८ गते स्वीकृत भएको ।
- ५० शैयामा स्तरोन्नतिका लागि स्थानीय तह अन्तर्गत रहेको कटारी अस्पतालको स्थलगत अनुगमन तथा निरीक्षण गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा सहमतिको लागि पेश गरिएको ।
- दश वर्ष मुनिका बालबालिकाहरुलाई निःशुल्क विशेषज्ञ चिकित्सकीय सेवा सम्बन्धि मार्गदर्शन,२०८० स्वीकृत भई सेवा उपलब्ध भएका जिल्ला तथा प्रादेशिक अस्पताल र सूचीकृत रेफरल अस्पतालहरुमा सेवा सुचारु गर्न प्रबन्ध गरिएको ।
- प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समितिद्धारा तीन वटा स्वास्थ्य संस्थाहरूलाई एम्बुलेन्स सेवा सञ्चालनका लागि सिफारिस गरिएको र पाँच वटा संस्थाहरूको एम्बुलेन्स सेवा सञ्चालन नविकरण गरिएको।

### नीति, योजना तथा जनस्वास्थ्य महाशाखा

- चालु आर्थिक वर्ष २०८०/८१ को बजेट प्रतिस्थापन बिधयेकमा थप कार्यक्रम तथा बजेट संशोधनका लागि योजना छनौट तथा स्वीकृत कार्यक्रम बजेट सूचना प्रणालीमा प्रविष्ट गरिएको ।
- प्रदेश सभामा भएको बजेट प्रतिस्थापन बिधेयकमाथिको छलफल कार्यक्रममा मन्त्रालयसंग सम्बन्धित जिज्ञासा तथा प्रश्नहरुको जवाफ तयार गरी पेश गरिएको ।
- चालु आर्थिक वर्ष २०८०/८१ मा मातहतका निकायहरुबाट सम्पादन हुने वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि संबन्धित निकाय तथा महाशाखाहरुबाट तयार गरिएको कार्यक्रम कार्यान्वयन मार्गदर्शनको मस्यौदालाई अन्तिम रुप दिई स्वीकृतिका लागि पेश गरेको तथा मिति २०८०/०९/१८ गते स्वीकृत भएको ।
- कोशी प्रदेश सभा, सामाजिक समितिको निर्देशानुसार यस मन्त्रालयको गत आ.व. को कार्यप्रगति तथा चालु आ.व. को नीति तथा कार्यक्रमसम्बन्धी प्रस्तुतीकरण तयार गरी पेश गरिएको ।
- मानव अधिकार सम्बन्धि पाँचौ राष्ट्रिय कार्ययोजनाको कार्यप्रगति तयार गरी मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पठाइएको ।
- कोशी प्रदेशको दोस्रो आवधिक योजना निर्माण कार्यका लागि प्रदेश योजना आयोगको पूर्वतयारी कार्यशालाहरुमा आवश्यक प्रस्तुतीकरण तथा विवरण तयार गरी पठाइएको ।
- संघ विशेष अनुदानमार्फत हालसम्म यस मन्त्रालयमा प्राप्त आयोजनाहरुको प्रगति विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको ।
- आगामी आर्थिक वर्ष २०८१/८२ का लागि विशेष अनुदानतर्फ आयोजना माग गरी आर्थिक मामिला तथा योजना मन्त्रालय पठाइएको ।

**प्रशासन महाशाखा**

- विशेषज्ञ चिकित्सकहरू सेवा करारमा लिई स्वास्थ्य मन्त्रालय मातहतका विभिन्न अस्पतालहरूमा खटाइएको ।

## ४. मन्त्रालयको प्रमुख, प्रवक्ता, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको नाम पद

**मन्त्रालयको प्रमुखः** डा. सुधा देवकोटा
पदः प्रदेश सचिव
मोवाइल नं. ९८५२०२१०९५

**प्रवक्ताः** डा. सुरेश मेहता
पदः ब. जनस्वास्थ्य प्रशासक/दशौं
मोबाइल नं.- ९८५२०२९१८०

**सुचना अधिकारीः** डा.रविन्द्र निरौला
पदः आयुर्वेद चिकित्सक/आठौं
मोवाइल नं.-९८५२०२१०९७
इमेलः suchanaadhikari.moh@p1.gov.com

**गुनासो सुन्ने अधिकारीः** डा. रविन्द्र निरौला
पदः आयुर्वेद चिकित्सक/आठौं
मोवाइल नं.-९८५२०२१०९७

## ५. मन्त्रालयको वेबसाईट तथा इमेल

**Website: moh.p1.gov.np**
**Email:** info.moh@p1.gov.np

## ६. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन

चालु आ.व. २०८०/८१ को कार्त्तिक महिना देखि पुस मसान्तसम्ममा यस मन्त्रालयमा लिखिम रूपमा सूचना मागका लागि एउटा मात्र निवेदन परेको र माग भएको सूचना उपलब्ध गराइएको। साथै कतिपय सूचना मौखिक रूपमा माग गरिएकोमा सोही बमोजिम उपलब्ध गराइएको।

आ.व. २०८०/८१ को कार्तिक देखि पुससम्म प्रादेशिक एम्बुलेन्स व्यबस्थापन समितिबाट एम्बुलेन्स सेवा संञ्चालनका लागि सिफारिसपत्र दिइएको बिवरण

| सि.नं. | एम्वुलेन्स सेवा संञ्चालन गर्ने संस्था | स्थानीय तह | जिल्ला | एम्वुलेन्सको वर्ग | सिफारिस भएको मिति | संस्थाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री लाइफ लाइन अस्पताल | दमक न.पा. | झापा | "ख" | २०८०/०९/०२ | निजी | |
| २ | श्री स्वास्थ्य चौकी, शान्तिनगर | बुद्धशान्ति गा.पा. | झापा | "ख" | २०८०/०९/०२ | सरकारी | |
| ३ | श्री पालिका अस्पताल | बुढीगंगा गा.पा. | मोरंग | "ख" | २०८०/०९/०२ | सरकारी | |
| | कार्तिक देखि पुससम्म सिफारिस भएको "क" वर्ग =0 "ख" वर्ग =३ जम्मा=३ | | | | | | |

आ.व. २०८०/८१ को कार्तिक देखि पुससम्म प्रादेशिक एम्वुलेन्स व्यबस्थापन समितिबाट एम्बुलेन्स सेवा संञ्चालन नवीकरणको विवरण

| सि.नं. | एम्वुलेन्स सेवा संञ्चालन गर्ने संस्था | ठेगाना | एम्वुलेन्सको वर्ग | नवीकरण भएको मिति | सवारी साधन नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री सावित्रा स्मृति प्रतिष्ठान | मेचीनगर न.पा, झापा | "ख" | २०८०/०७/०३ | प्र.१-०१/००१ च ९५९४ | |
| २ | श्री रन्जुदेवी सिंह स्मृति प्रतिष्ठान | बिर्तामोड न.पा., झापा | "ख" | २०८०/०७/०३ | मे १ च ६६२४ | |
| ३ | श्री इलाम अस्पताल | इलाम न.पा., इलाम | "ख" | २०८०/०७/०३ | प्र.१-०१/००१ झ २२० | |
| ४ | श्री महिला सामुदायिक स्वास्थ्य सेवा | बुद्धशान्ति गा.पा., झापा | "ख" | २०८०/०७/०३ | प्र.१-०१/००१ च ८४०७ | |
| ५ | श्री कामि धिमाल स्मृति प्रतिष्ठान | मेचीनगर न.पा, झापा | "ख" | २०८०/०९/०२ | प्र.१-०१/००१ च ९०७० | |